# नेपाल सरकार र मधेशी जनअधिकार  फोरम, नेपाल बीच भएको सम्झौता

२०६४ जेष्ठ १८ बाट सुरू भई विभिन्न ६ चरणमा भएको छलफल र सहमतीको आधारमा
२०६४/०५/१३ मा सम्पन्न सम्झौता

**ऐतिहासिक जनआन्दोलन २०६२/०६३ कै निरन्तरताका रूपमा भएको मधेशी जनताको आन्दोलनको भावनालाई हृदयंगम गर्दै मुलुकमा लामो समयदेखि मधेशी, आदिवासी/जनजाति, दलित, महिला, पिछडावर्ग, अल्पसंख्यक, मुस्लिम समुदाय समेतका विरूद्ध केन्द्रिकृत र एकात्मक राज्यद्वारा गरिँदै आएको विभेदका सबै रूपहरूलाई अन्त्य गर्नका निम्ति र समावेशी लोकतन्त्र तथा संघीय ढाँचामा राज्यलाई पुनःसंरचना गर्दै मधेशी लगायत सम्पूर्ण नेपाली जनतालाई एउटै राष्ट्रिय मूल प्रवाहमा समाहित भएर अघि बढ्ने वातावरण बनाउनका निम्ति नेपाल सरकार मधेशी जनअधिकार फोरम, नेपालका बीच आज निम्न बमोजिम सम्झौता भएको छ।**

१. मधेश आन्दोलनको क्रममा शहिद भएकाहरुलाई सम्मान गर्दै निजका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउने सरकारी निर्णयलाई तत्काल कार्यान्वयन गर्ने।

२. मधेश आन्दोलनको क्रममा घाइते, अन्धा, अपाङ्ग भएकाहरुलाई राहत उपलब्ध गराउने र अझै उपचार हुन बाँकी रहेका घाइतेहरुलाई तत्काल औषधोपचारको व्यवस्था मिलाउने।

३. मधेश आन्दोलनको सिलसिलामा फोरमका नेता तथा कार्यकर्ताहरु माथि लगाइएका मुद्दाहरु खारेज गर्ने।

४. देशमा युगौंदेखि बहीष्करणमा पारिएका मधेशी, आदिवासी/जनजाति, दलित, महिला, पिछडावर्ग, अपाङ्ग, अल्पसंख्यक समुदाय, मुसलमान आदि समुदायहरुको राज्यका सम्पूर्ण संरचनाहरुको सबै अङ्ग र तहका साथै शक्ति, साधन र स्रोतमा सन्तुलित समानुपातिक प्रतिनिधित्व र साझेदारी गर्ने।

५. राज्यको पुनःसंरचना सम्बन्धी आयोग तत्काल गठन गर्ने र सो आयोगमा  समावेशीय रुपमा विशेषज्ञहरु रहने समेत व्यवस्था गर्ने।

६. राज्यको पुनःसंरचना गर्दा नेपालको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्ततायुक्त प्रदेशहरु सहितको संघीय शासन प्रणालीको व्यवस्था गरिने छ। उक्त स्वायत्तताको अधिकार, प्रकृति र सीमा संविधान सभाले निर्धारण गरे बमोजिम हुनेछ।

७. मधेशीहरुको भेष-भुषा, भाषा, सँस्कृतिलाई राष्ट्रिय मान्यता दिने।

८. नेपाल सरकारद्वारा गरिने सबै राजनीतिक नियुक्ति, वैदेशिक सेवा र शिक्षा क्षेत्र लगायतका सेवाहरुका साथै आयोगहरुमा समुचित  समानुपातिक प्रतिनिधित्व गर्ने।

९. मुस्लिमहरुको मुख्य चाड पर्वहरुमा सार्वजनिक बिदा दिने, मदरसा वोर्ड लगायत निजहरुको  जाति, भाषा, लिङ्ग, धर्म, सँस्कृति र रीति रिवाज सुरक्षित गर्न कानून तर्जुमा गर्ने।

१०. जाति, भाषा, लिङ्ग, धर्म, सँस्कृति, राष्ट्रिय तथा समाजिक उत्पत्ति, राजनीतिक तथा अन्य विचार आदिको आधारमा गरिने सबै खाले विभेद अन्त्य गरी मानव अधिकारको पूर्ण प्रत्याभूति गर्ने।

This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

११. सरकारी काम काज, शिक्षा तथा अन्तराष्ट्रिय सम्पर्क गर्दा (क) मातृभाषा (ख) नेपाली भाषा र (ग) अंग्रेजी भाषाको त्रि-भाषीय नीति कायम गर्ने ।

१२. दलित समस्या समाधान गर्नः

क) जातीय विभेद र छुवाछुत गर्नेलाई कडा कानूनी दण्डको व्यवस्था गर्ने ।

ख) दलितलाई निःशुल्क र कम्तिमा अनिवार्य प्राथमिक शिक्षाको व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ग) शिक्षा र रोजगारीमा विशेष अवसर र आरक्षणको व्यवस्था गर्ने ।

घ) भूमिहीन दलितलाई आवासको लागि भूमिको व्यवस्था गरी वैकल्पिक जीविकोपार्जनको व्यवस्था गर्ने ।

१३. नागरिकताबाट अझै वञ्चित रहेका नागरिकहरुलाई नागरिकता प्रमाण-पत्र सरल र सुलभ तरिकाबाट वितरण गर्न नागरिकता टोली पुनः गाउँ गाउँमा पठाई नागरिकता समस्या समाधान गर्ने ।

१४. मधेश तथा विकट क्षेत्रलाई राज्यबाट प्राप्त राजश्व र आम्दानीको बाँडफाँडमा सन्तुलित एवं न्यायोचित वितरण नीति अपनाउने ।

१५. नेकपा (माओवादी) द्वारा कब्जा गरिएका घर, जग्गा र सम्पत्ति फिर्ता गर्ने गराउने क्रम जारी रहेको र उनीहरुद्वारा कब्जा गरिएका हातहतियार समेत हकवालालाई फिर्ता गराउने कार्यलाई तदारुकताका साथ अगाडि बढाउने ।

१६. औद्योगिक उत्पादन वृद्धिका साथै देशलाई औद्योगीकरण
गर्न र औद्योगिक सुरक्षाको प्रत्याभूति गर्न औद्योगिक सुरक्षाबल गठन गर्ने ।

१७. संविधानसभाको निर्वाचन निष्पक्ष, शान्तिपूर्ण एवं भयरहित वातावरणमा सम्पन्न गर्न दुवै पक्ष प्रतिवद्ध रहने । संविधानसभाको निष्पक्षताका लागि वर्तमान व्यवस्थापिका-संसद लगायतकाले राज्यको साधन, स्रोत र शक्तिको दुरुपयोग गर्न नपाउने गरी रोक्न लगाउन आवश्यक व्यवस्था गर्ने ।

१८. सरकारी संचार माध्यमहरु टी.भी., रेडियो, छापा लगायत सवै अङ्ग र तहमा मधेशी संचारविद् एवं पत्रकारहरुको संचार मन्त्रालयबाट नियुक्ति र सरकारी संचार आयोग, निकायहरु तथा प्रतिनिधिमण्डलमा मधेशीहरुको समानुपातिक समावेशी सहभागिता गराउँदै जाने ।

१९. मधेशी युवा फोरमको उपत्यका अध्यक्ष जीतेन्द्र साहलाई अपहरणकारीहरुले अपहरण गरी बेपत्ता बनाइएकोमा निजको खोजतलास र विशेष अनुसन्धान गर्न खोजीदल बनाई यथाशीघ्र स्थिति सार्वजनिक गर्ने ।

२०. मधेशी, आदिवासी/जनजाति, दलित, महिला आदिलाई राज्यको हरेक अङ्ग र तहमा समावेशीकरण गर्न आवश्यक नीति निर्धारण र कानूनको तर्जुमा गर्न उच्चस्तरीय समावेशीकरण कार्यदलको गठन तुरुन्त गर्ने ।

२१. अल्पसंख्यकहरुको अधिकार सम्बन्धमा राष्ट्रसंघीय तथा अन्तराष्ट्रिय मानवअधिकारको मान्यता अनुरुप जातीय, भाषिक र धार्मिक अल्पसंख्यकहरुको अधिकारको संवैधानिक प्रत्याभूति गर्ने ।

२२. मधेशी जनअधिकार फोरमद्वारा संचालन गरिँदै आएको बिभिन्न आन्दोलनलाई फिर्ता लिने ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

उपर्युक्त सहमतिहरुलाई नेपाल सरकारले तत्काल गर्न सकिने कार्यहरुलाई तत्काल गर्ने र तत्काल गर्न नसकिने प्रावधानहरुलाई उपयुक्त समयभित्र गरी सक्ने । कार्यान्वयनका लागि आवश्यक कार्यका साथै रेख-देख गर्न र समय-समयमा कार्यान्वयनको समीक्षा गर्न संयुक्त अनुगमन संयन्त्रको निर्माण गर्ने ।

..........................

**उपेन्द्र यादव**
**संयोजक**
**मधेशी जनअधिकार फोरम, नेपाल**

..........................

**रामचन्द्र पौडेल**
**संयोजक**
**सरकारी वार्ताटोली**

**मिति : २०६४/०५/१३**

नोटः मधेशी जनअधिकार फोरम, नेपालले गणतन्त्रको स्थापना, समानुपातिक निर्वाचन प्रणाली जस्ता महत्वपूर्ण विषयहरूलाई आफ्ना मागका रूपमा यथावत् राखी संविधानसभाको निर्वाचानलाई उच्च प्राथमिकता दिई सहभागी भई यसलाई सफल बनाउन प्रयत्नशील रही रहनेछ ।

..............................

**उपेन्द्र यादव**
**संयोजक**
**मधेशी जनअधिकार फोरम, नेपाल**

**मिति : २०६४/०५/१३**

This document was created using SmartPDFCreator
To remove this message purchase the product at www.SmartPDFCreator.com